# बेलबारी नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## बेलबारी, मोरङ
## कोशी प्रदेश, नेपाल

**आर्थिक वर्ष २०८३/०८४ को लागि आन्तरिक आयको ठेक्का बन्दोबस्त गर्ने सम्बन्धी बोलपत्र /शिलबन्दी दरभाउपत्र आह्वानको सूचना**

**(प्रथम पटक प्रकाशित मिति २०८३/०२/२२)**

स्थानीय सरकार संचालन ऐन २०७४ को परिच्छेद ९ को दफा ६२ को उपदफा २ (ग) र (घ) र राजश्व परामर्श समितिको मिति २०८३/०२/०३ गतेको सिफारिस र बेलबारी नगरकार्यपालिकाको मिति २०८३/०२/१० गते बसेको नगर कार्यपालिका बैठकको निर्णय अनुसार आर्थिक वर्ष २०८३/०८४ को लागि देहाय बमोजिमका आन्तरिक आय सम्बन्धी ठेक्का बन्दोबस्त गर्नुपर्ने भएकोले नगरपालिकाबाट तोकिएको दररेटमा एवं शर्तहरुको अधिनमा रहि शिलबन्दी दरभाउपत्र / बिधुतिय बोलपत्र प्रक्रियाबाट सहभागी हुन सम्बन्धित सबैको लागि यो सूचना प्रकाशित गरिएको छ ।

| सि.नं. | विवरण | ठेक्का नं. | न्युनतम अंक (भ्याट सहित ) | दरभाउपत्र फारम दस्तुर | धरौटी रकम | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | बेलबारी ३ मा लाग्ने सोमबारे मवेशी पशु हाट बजार कर अशुली | BM/MOR/S/NCB-01-2083/84 | ३१,०३,२०१/- | ३०००/- | कबोल अंकको ५ प्रतिशत | बिधुतिय बोलपत्र / दरभाउपत्र मात्र |
| २ | किर्तिमान भाउन्ने आमतोला सडक, बेलबारी कसेनी सडक वडा नं. ५, लक्ष्मीमार्ग सोह्रभाग सडक वडा नं. ६ र भाउन्ने आम्तोला सडक वडा नं. ७ जोड्ने मूल नहर सडक, रत्नमार्ग/शिसौली मार्ग/ गुम्बा मार्ग स्थानीय पुर्वाधार उपयोग शुल्क | BM/MOR/S/NCB-02-2083/84 | २८,००,०००/- | ३०००/- | | |
| ३ | बेलबारी १ मा लाग्ने सोमबारे, वडा नं. २ मा लाग्ने शुक्रबारे हाटकर संकलन | BM/MOR/S/SQ-08-2083/84 | ११,३५,१००/- | १०००/- | | |
| ४ | बाहुनी बजार वडा नं. ७ | BM/MOR/S/SQ-01-2083/84 | २,०६,०००/- | १०००/- | | हार्ड कपी दरभाउपत्र मात्र |
| ५ | डाँगिहाट बजार वडा नं. ९ | BM/MOR/S/SQ-02-2083/84 | २,००,१००/- | १०००/- | | |
| ६ | लक्ष्मीमार्ग बजार वडा नं. ११ | BM/MOR/S/SQ-03-2083/84 | १,१७,७००/- | १०००/- | | |
| ७ | कसेनी बजार वडा नं. ५ र सोमबारे बजार वडा नं. ६ | BM/MOR/S/SQ-04-2083/84 | १,००,२००/- | १०००/- | | |
| ८ | पार्किङ शुल्क असुली (मालपोत र नापी) | BM/MOR/S/SQ-05-2083/84 | ३,००,०००/- | १०००।- | | |
| ९ | कवाडी शुल्क असुली | BM/MOR/S/SQ-06-2083/84 | १,५०,०००/- | १०००।- | | |
| १० | विज्ञापन कर | BM/MOR/S/SQ-07-2083/84 | ३,३०,०००/- | १०००। | | |

नोट : एकभन्दा बढी ठेक्का प्रकृयामा सहभागी हुन चाहाने बोलपत्रदाता/दरभाउपत्रताले प्रत्येक ठेक्काको लागि छुट्टाछुट्टै बोलपत्र / शिलवन्दी दरभाउपत्र नियमानुसार पेस गर्नुपर्नेछ बोलपत्र / शिलवन्दी दरभाउपत्र खोल्ने समयमा बोलपत्रदाता/ शिलवन्दी दरभाउपत्रदाताको प्रतिनिधि उपस्थित नभएमा बोलपत्र खोल्न कार्यालयलाई बाधा पुग्नेछैन । सि.नं.१ देखि ३ सम्ममा उल्लेखित ठेक्काको बोलपत्र/दरभाउपत्र खरीद र पेस कम्पनी/ फर्म ले मात्र गर्न पाउनेछन। विस्तृत विवरण/ शर्त/ जानकारीका लागि बेलबारी नगरपालिकाको वेवसाईट https://belbarimun.gov.np/ मा हेर्न सकिने छ।

संजय बहादुर चापागाईं
प्रमुख प्रशासकीय अधिकृत

# बेलबारी नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
बेलबारी, मोरङ
कोशी प्रदेश, नेपाल

**शर्तहरु**

१. बोलपत्र /दरभाउपत्र पेस गर्ने र खोलिने अन्तिम मिति र समय

| क.सं | विवरण | ठेक्का नं. | बोलपत्र / दरभाउपत्र खरिद गर्ने मिति | बोलपत्र / दरभाउपत्र पेस गर्ने अन्तिम मिति | बोलपत्र / दरभाउपत्र खोलिने मिति र समय |
|---|---|---|---|---|---|
| १ | बेलबारी ३ मा लाग्ने सोमबारे मवेशी पशु हाट बजार कर अशुली | BM/MOR/S/NCB-01-2083/84 | २०८३/०३/२२ गते दिनको १२ बजेसम्म | २०८३/०३/२२ गते दिनको १२ बजेसम्म | २०८३/०३/२२ दिनको २ बजे |
| २ | किर्तिमान भाउन्ने आमतोला सडक, बेलबारी कसेनी सडक वडा नं. ५, लक्ष्मीमार्ग सोह्रभाग सडक वडा नं. ६ र भाउन्ने आम्तोला सडक वडा नं. ७ जोड्ने मूल नहर सडक, रत्नमार्ग/शिसौली मार्ग/ गुम्बा मार्ग स्थानीय पुर्वाधार उपयोग शुल्क | BM/MOR/S/NCB-02-2083/84 | २०८३/०३/२२ गते दिनको १२ बजेसम्म | २०८३/०३/२२ गते दिनको १२ बजेसम्म | २०८३/०३/२२ दिनको २ बजे |
| ३ | बेलबारी १ मा लाग्ने सोमबारे, वडा नं. २ मा लाग्ने शुक्रबारे हाटकर संकलन | BM/MOR/S/SQ-08-2083/84 | २०८३/०३/०८ गते दिनको १२ बजेसम्म | २०८३/०३/०८ गते दिनको १२ बजेसम्म | २०८३/०३/०८ गते दिनको २ बजे |
| ४ | बाहुनी बजार वडा नं. ७ | BM/MOR/S/SQ-01-2083/84 | २०८३/०३/०५ गते कार्यालय समयसम्म | २०८३/०३/०८ गते दिनको १२ बजेसम्म | २०८३/०३/०८ गते दिनको २ बजे |
| ५ | डाँगिहाट बजार वडा नं. ९ | BM/MOR/S/SQ-02-2083/84 | २०८३/०३/०५ गते कार्यालय समयसम्म | २०८३/०३/०८ गते दिनको १२ बजेसम्म | २०८३/०३/०८ गते दिनको २ बजे |
| ६ | लक्ष्मीमार्ग बजार वडा नं. ११ | BM/MOR/S/SQ-03-2083/84 | २०८३/०३/०५ गते कार्यालय समयसम्म | २०८३/०३/०८ गते दिनको १२ बजेसम्म | २०८३/०३/०८ गते दिनको २ बजे |
| ७ | कसेनी बजार वडा नं. ५ र सोमबारे बजार वडा नं. ६ | BM/MOR/S/SQ-04-2083/84 | २०८३/०३/०५ गते कार्यालय समयसम्म | २०८३/०३/०८ गते दिनको १२ बजेसम्म | २०८३/०३/०८ गते दिनको २ बजे |
| ८ | पार्किङ शुल्क असुली (मालपोत र नापी) | BM/MOR/S/SQ-05-2083/84 | २०८३/०३/०५ गते कार्यालय समयसम्म | २०८३/०३/०८ गते दिनको १२ बजेसम्म | २०८३/०३/०८ गते दिनको २ बजे |
| ९ | कवाडी शुल्क असुली | BM/MOR/S/SQ-06-2083/84 | २०८३/०३/०५ गते कार्यालय समयसम्म | २०८३/०३/०८ गते दिनको १२ बजेसम्म | २०८३/०३/०८ गते दिनको २ बजे |
| १० | विज्ञापन कर | BM/MOR/S/SQ-07-2083/84 | २०८३/०३/०५ गते कार्यालय समयसम्म | २०८३/०३/०८ गते दिनको १२ बजेसम्म | २०८३/०३/०८ गते दिनको २ बजे |

२. बोलपत्र/दरभाउपत्र खोल्ने समयमा बोलपत्रदाता/दरभाउपत्र दाताको प्रतिनिधि उपस्थित नभएमा बोलपत्र/दरभाउपत्र खोल्न कार्यालयलाई बाधा पुग्नेछैन । समय नाघी आएको दरभाउपत्र उपर कुनै कारवाही हुने छैन।

३. दरभाउपत्रहरु फर्म/ कम्पनी/ संस्था साथै व्यक्तिले समेत पेस गर्न सक्नेछन तर सि.नं.१ देखि ३ सम्म र सि.नं.१० मा उल्लेखित ठेक्काको हकमा बोलपत्र/दरभाउपत्र खरीद र पेस कम्पनी/ फर्म ले मात्र गर्न पाउनेछन। बोलपत्र/दरभाउपत्र फारम खरिद गरेको बैंक भौचरको प्रति वा राजस्व उपशाखाबाट उपलब्ध गराईएको रसिद, फर्म वा कम्पनी दर्ता प्रमाणपत्रको प्रतिलिपि, नवीकरण भएको दर्ता प्रमाणपत्रको प्रतिलिपि, मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्रको प्रतिलिपी, आ.व २०८१/८२ को कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि

र प्रचलित कानुन बमोजिम यस प्रकृयामा भाग लिन पाउने स्वःघोषणा पत्र साथै अन्य आवश्यक सम्पुर्ण कागजात पेस गर्नुपर्नेछ। व्यक्तिको हकमा नागरिकता प्रमाणपत्र प्रतिलिपि र व्यक्तिगत स्थायी लेखा नं. प्रमाणपत्रको प्रतिलिपि पेस गर्नुपर्नेछ साथै व्यक्तिगत स्थायी लेखा नं. पेस नगरेको तर सारभूत रूपमा प्रभावग्राही भई सम्झौता गर्नुपर्ने अवस्था आएमा अनिवार्य व्यक्तिगत स्थायी लेखा नं. पेस गर्नुपर्नेछ ।

४. बोलपत्र/शिलबन्दी फारम दस्तुर रकम बेलबारी नगरपालिकाको आन्तरिक राजश्व खाता नं. २४३०१००३०१०१०००२ मा उल्लिखित रकम जम्मा गरेको राजस्व भौचर र कबोल गरेको अंकको ५ प्रतिशत हुन आउने रकम बेलबारी नगरपालिकाको स्थानीय तह धरौटी खाता नं. २४३०१००३०३००००००२ मा जम्मा गरी वा धरौटी रकम बराबरको रकम "क" वर्गको बैंकले जारी गरेको कम्तीमा तीन महिना म्याद भएको सोही रकम बराबरको बैंक ग्यारेन्टीको Scan कपी बोलपत्र/शिलबन्दी फारम पेस गर्दा अनिवार्य सम्लग्न राखी/गरी पेश गर्नु पर्नेछ । बोलपत्र/शिलबन्दी फारम र सो सँग सम्बन्धित कागजातहरु डाउनलोड र पेस अनिवार्य https://bolpatra.gov.np बाट गर्नुपर्नेछ । बोलपत्र/शिलबन्दी फारम दस्तुर बापतको राजश्व र धरौटी रकम वा बैंक ग्यारेन्टी छुट्टाछुट्टै पेश गर्नु पर्नेछ । कार्यालयको कोड ८०१०११३०४ र राजश्व शिर्षक नम्बर १४२२९ रहेको छ ।

५. बोलपत्रदाताले आफूले कबोल गरेको कबोल रकमको ५ प्रतिशतले हुने रकम तोकिएको खातामा जम्मा गरेको भौचर वा "क" बर्गको बैंकबाट बोलपत्र नं. उल्लेख गरी यस कार्यालयको नाममा जारी गरेको बोलपत्र खोल्ने मिति देखि कम्तिमा १२० दिन सम्म म्याद भएको रितपूर्बकको बोलपत्र जमानत पत्र (बिड बण्ड) साथै बोलपत्रदाताले बोलपत्र फारम खरिद गरेको बैंक भौचरको प्रतिलिपी, फर्म वा कम्पनी दर्ता प्रमाणपत्रको प्रतिलिपि, नवीकरण भएको दर्ता प्रमाणपत्रको प्रतिलिपि, मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्रको प्रतिलिपी, आ.व. २०८१/०८२ सम्मको कर तिरेको प्रतिलिपि र स्वःघोषणा पत्र साथै अन्य आवश्यक सम्पुर्ण कागजात Scan Copy अपलोड गर्नुपर्नेछ ।

६. बोलपत्र स्वीकृत पश्चात सम्झौता गर्न आउने पत्र बुझेको वा सूचना प्रकाशन भएको वा आधिकारीक ईमेलमा पत्र पठाईएको १५ (पन्ध्र) दिन भित्र सम्झौता गर्न नआएमा बोलपत्र जमानत बापतको सम्पूर्ण धरौटी रकम जफत गरी बोलपत्र स्वीकृत भएको बोलपत्रदातालाई कालो सूचीमा राखिनेछ।

७. दरभाउपत्र सम्बन्धित कागजातहरु बेलबारी नगरपालिकाको राजश्व उपशाखाबाट उपलब्ध गराइनेछ । दरभाउपत्र फारम दस्तुर बापतको राजश्व र धरौटी रकम वा बैंक ग्यारेन्टी छुट्टाछुटै पेस गर्नुपर्नेछ ।

८. बोलपत्रदाता/दरभाउपत्रदाताले कबोल गरेको ठेक्का अंकको सम्पूर्ण रकम(कर सहित) एकमुष्ट बुझाउन चाहेमा कबोल रकमको १० प्रतिशत सम्म छुट दिन सकिनेछ । १३ प्रतिशत मु.क.कर र १.५ प्रतिशत अग्रिम आयकरमा कुनै पनि छुट उपलब्ध गराईने छैन । उक्त रकम आर्थिक प्रशासन शाखा/राजश्व शाखामा यकिन गरी/गराई बेलबारी नगरपालिकाको आन्तरिक राजश्व खाता नं. २४३०१००३०१०१०००२ मा दाखिला गर्नुपर्नेछ ।

९. किस्तामा बुझाउन चाहाने बोलपत्रदाता/दरभाउपत्रदाता हरुको हकमा तीन किस्तामा सम्पूर्ण रकम बुझाउनु पर्नेछ । प्रथम किस्ता, सम्झौता पूर्व कबोल रकम (सम्पूर्ण कर वाहेक) को ४० प्रतिशत, दोस्रो किस्ता ४० प्रतिशत बापत कात्तिक मसान्त र तेस्रो किस्ता २० प्रतिशत वापत २०८३ चैत्र मसान्तसम्ममा जम्मा गर्नु पर्नेछ । साथै १३ प्रतिशतले हुन आउने मूल्य अभिवृद्धि कर र १.५ प्रतिशत अग्रिम आय कर रकम बोलपत्रदाता/दरभाउपत्रदाता ले सम्झौता पूर्व नै यस कार्यालयमा दाखिला गर्नुपर्नेछ तथा किस्तामा रकम बुझाउने भएमा बोलपत्रदाताले ठेक्का सम्झौता पछी बुझाउन बाँकी ६० प्रतिशत बराबरको "क" बर्गको बैंकबाट २०८३ श्रावण मसान्त सम्म म्याद भएको बैंक ग्यारेन्टी पेश गर्नुपर्नेछ । कवोलकर्ताले यस शर्त बमोजिम तोकिएको अबधि भित्र दोश्रो किस्ता बापतको रकम जम्मा नगरेमा तेश्रो किस्ता समेतको रकम २०८४ बैशाख १ गते निज कबोलकर्ताले पेश गरेको बैंक ग्यारेन्टी जफत गरी असुल उपर गरिने छ । बैंक ग्यारेन्टी जफत गर्दा कबोल कर्ताले कुनै दावी गर्न पाउने छैन ।

# बेलबारी नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
बेलबारी, मोरङ
कोशी प्रदेश, नेपाल

१०.ठेक्काको सम्झौता अवधि २०८३ श्रावण १ देखि २०८४ असार मसान्त सम्मको लागि मात्र हुनेछ तर बिज्ञापन करको हकमा बेलबारी नगरपालिका सार्वजनिक खरिद नियमावली २०७८, परिच्छेद-१२ को नियम १३८(१) बमोजीम चालु आ.ब.मा बुझाएको रकमको कम्तीमा (कर सहीत) १०% प्रतेक बर्ष बृद्धि गरी सम्झौता गर्न सकिने छ ।

११.ठेक्का सम्झौता भइसकेपछि प्राकृतिक वा मानव निर्मित कुनै कारणले बन्द, हडताल वा यसै प्रकारको अवस्था सृजना भएमा ठेक्का रकममा कुनै प्रकारको छुट वा मिनाहा माफि दिइने छैन ।

१२.कर तथा सेवा शुल्क नगरपालिकाले तोके बमोजिमको दररेटमा अशुल गर्नु पर्नेछ । अन्यथा बढी रकम अशुल गरेको/जारी गरीएको नगदी रसिदमा हेरफेर गरी रकम संकलन गरीएको भेटिएमा/ठहर भएमा नियमानुसार कारवाही गरी ठेक्का प्रकृया रद्ध समेत गरीन सक्नेछ।

१३.सि.नं."८" को हकमा पार्किङ निषेधित स्थानमा सवारी साधन पार्किङ गरे वापत संकलन हुने जरीवाना ठेक्का कबोलकर्ताले संकलन गर्न सक्नेछन र पार्कीङको लागि जग्गा व्यवस्थापनको जिम्मा ठेक्का कबोलकर्तालिनै लिनुपर्नेछ

१४.कर/शुल्क उठाउँदा प्रयोग हुने रसिद नगरपालिकाले तोके बमोजिमको ढाँचामा ठेकेदार आफैले छपाई नगरपालिकाको रसिद नियन्त्रण खातामा दाखिला गरी आवश्यकताका आधारमा माग गरी प्रमाणित गराई प्रयोग गर्नु पर्नेछ।

१५.बोलपत्रदाताले ठेक्का भोग चलन गर्दा यस कार्यालयको निर्देशन, सम्झौतामा उल्लेखित शर्त र यो सुचना बमोजिम काम गर्नु पर्नेछ ।

१६.नगरपालिकाले स्वीकृत गरी अपलोड/उपलब्ध गराएको देहाय Bid Document नै यस प्रयोजनका लागि Standard Bid Document रुपमा मानिनेछ ।

देहाय

क. पूर्ण सूचना
ख. BoQ
ग. दररेट
घ. निवेदन

१७.बोलपत्रदाता/दरभाउपत्रदाताले नगरपालिकाबाट स्वीकृत गरी अपलोड गरेको/पेश गरेको आन्तरिक स्रोत असुलि सम्बन्धीको BoQ अंक र अक्षरमा भरी सहिछाप गरी पेश गर्नुपर्नेछ तर बोलपत्रदाताले अपलोड गरेको / भरेको कुनै कागजातमा आफ्नो कबोल अंक उल्लेख भएमा/गरेमा त्यस्तो बोलपत्रलाई समेत सार्वजनिक हितको सिद्धान्तका आधारमा मूल्याङ्कन प्रकृयामा लैजान बाधा पुग्ने छैन।

१८.नगरपालिकाले यस प्रकृयामा भाग लिएका बोलपत्रदाता/दरभाउपत्रदाताहरुको तोकिए बमोजिम मूल्याङ्कन गरी सारभूत रुपमा प्रभावग्राही ठहरिएको अधिकतम कबोल गर्ने बोलपत्रदातालाई सम्झौताका लागि आव्हान गर्नेछ । तोकिएको समय भित्र उल्लेखित बोलपत्रदाता/दरभाउपत्रदाता सम्झौता गर्न नआएमा क्रमसः दोस्रो र तेस्रो लगायतका बोलपत्रदाता/दरभाउपत्रदातालाई सम्झौताका लागि पत्रचार गरिनेछ। अधिकतम कबोल गर्ने बोलपत्रदाता/दरभाउपत्रदाता सम्झौता गर्न नआएमा निजको सम्पूर्ण धरौटी बापतको रकम जफत गरी कालो सूचिमा राख्न सम्बन्धित निकायलाई सिफारिस गर्नुका साथै लगत्तै पछिल्लो बोलपत्रदाता/दरभाउपत्रदाता र अधिकतम कबोल गर्ने बोलपत्रदाता/ दरभाउपत्रदाताको बिचको फरक रकम समेत अधिकतम रकम कबोल गरी सम्झौता गर्न नआउने बोलपत्रदाता/ दरभाउपत्रदाताबाट सरकारी बाँकी रकम सरह असुल उपर गरिनेछ । यो प्रकृयाको क्रमस दोस्रो, तेस्रो वा अन्यलाई समेत समान ढंगले लागू हुनेछ ।

१९.ठेक्का तयारी तथा सोसँग लाग्ने सम्पूर्ण खर्च बोलपत्रदाता/दरभाउपत्रदाता आफै जिम्मेवार हुनुपर्नेछ ।

२०.बोलपत्रदाता/दरभाउपत्रदाताले आफ्नो खर्चमा आय संकलन स्थलहरुको भ्रमण गर्न सक्नेछन् ।

२१.बोलपत्र/दरभाउपत्र कागजातमा वा बोलपत्र/दरभाउपत्र सूचनामा कुनै फरक पर्न गएमा सच्याउने अधिकार यस कार्यालयमा निहित हुनेछ ।

# बेलबारी नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
बेलबारी, मोरङ
कोशी प्रदेश, नेपाल

२२.यस नगरपालिका अन्तर्गत विगतमा बुझाउनु पर्ने ठेक्का वक्यौता, पेश्की वेरुजु रहेको फर्म/कम्पनी ठेक्कामा सहभागी हुन पाउने छैन तर बोलपत्र खरिद गर्नु अघि उल्लेखित रकम दाखिला गरेमा ठेक्कामा सहभागी हुन वाधा पर्ने छैन

२३.एक फर्म वा संस्थाको नाममा खरीद गरिएको बोलपत्र/दरभाउपत्र अर्को फर्म वा संस्थाको नाममा दाखिला गर्न पाइने छैन ।

२४.बोलपत्रदाता/दरभाउपत्रदाता तथा नगरपालिका बीच कुनै किसिमको मत भिन्नता भएमा नगरपालिकाको निर्णयलाई अन्तिम निर्णय मानिनेछ।

२५.बोलपत्र/दरभाउपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस नगरपालिकामा निहित रहनेछ ।

२६.संघिय सरकार र प्रदेश सरकारले केही थपघट वा परिवर्तन गरेमा सोही बमोजीम हुनेछ ।

२७.यस प्रकृयामा सहभागीहुने बोलपत्रदाता/दरभाउपत्रदाताले सूचनामा उल्लिखित सम्पूर्ण शर्तहरू र Standard Bid Document लाई स्वीकार गरी समावेस गरिएको मानिनेछ ।

२८.माथि उल्लेखित शर्तहरुको थप प्रष्टिकरण र व्याख्या साथै सूचनामा उल्लेख नभएका अन्य विषयहरु बेलबारी नगरपालिका सार्वजनिक खरिद नियमावली २०७८, प्रचलित कानुन र स्थापित सार्वजनिक हितका मान्यता मुताबिक हुनेछ । थप जानकारीका लागि ०२१-४३४२५९, info@belbarimun.gov.np मा सम्पर्क गर्न सकिनेछ ।

प्रमुख प्रशासकीय अधिकृत